**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२८/२०७९/०८०**

**कानेपोखरी गाउँ कार्यपालिकाको बैठकमा पेश गरिएको प्रस्ताव सम्बन्धी विवरण**

बैठक संख्या र मितिः २/२८/२०७९/०८०, मितिः २०८०।०२।३२ गते

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| कानेपोखरी गाउँपालिकाको चौधौं गाउँसभा बैठक सम्बन्धमा। | १ |
| कानेपोखरी गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि,२०८० सम्बन्धमा। | २ |
| कानेपोखरी वार्ड नं.५ बस्ने पूर्णकुमार तामाङ्गको उपचारको क्रममा भएको खर्चको आर्थिक सहायता दिने सम्बन्धमा। | ३ |
| विविध। | ४ |

गाउँपालिका अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८०।०२।-३१ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष — १ नं. वडा अध्यक्ष — २ नं. वडा अध्यक्ष — ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष — ५ नं. वडा अध्यक्ष — ६ नं. वडा अध्यक्ष — ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की — साउनी माझी — सुशिला श्रेष्ठ — प्रमिला परियार — झपटुलाल राजवंशी — सुफल मुर्मु

**मिति २०८०।०२।३२ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

CS CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२८/२०७९/०८०

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री राजमती इङ्गनामज्यूको** अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८०।०२।३२

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङ।

बैठक बसेको समयः दिउँसो ३.० बजे।

### उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम, थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री विष्णु कुमार थेगुवा , प्र.प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |



CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२८/२०७९/०८०**

**निर्णय नं.(१)**

प्रस्ताव नं.१ माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको आ.व.०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नको लागि यहि मिति २०८०।०३।१० गते आइतबार चौधौं गाउँसभा बोलाउने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

**निर्णय नं.(२)**

प्रस्ताव नं.२ माथि छलफल गर्दा कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०८०"को दफा १५४ तथा कानेपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन २०७७ को दफा ४ को उपदफा(१)ले दिएको अधिकार प्रयोग गरि "कानेपोखरी गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्वन्धी कार्यविधी,२०८०" सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(३)**

प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आ.व.२०७९।८० को वार्षिक कार्यक्रममा रहेका योजना तथा कार्यक्रमहरुलाई अब सम्झौता नगर्ने।

**निर्णय नं.(४)**

प्रस्ताव नं.४ माथि छलफल गर्दा गाउँपालिकाको कायदिश बमोजिम गाउँपालिकाका सूचना प्रविधि शाखाका अधिकृत श्री अलङ गुरुङलाई गाउँपालिकाको वार्ड नं.७ स्थित कानेपोखरी बजारमा सार्वजनिक सुरक्षाको लागि सि.सि.टि.भि.क्यामेरा जडान गर्ने जिम्मा दिइएकोमा निजले कानेपोखरी गाउँपालिका वार्ड नं.५ बस्ने पूर्णकुमार तामाङ्गलाई ज्यालादारीमा लगाई उक्त सि.सि.टि.भि क्यामेरा जडान कार्य गरिरहेको अवस्थामा मिति २०८०।०२।१९ गते अचानक बिजुलीको करेन्ट लागेर सक्त घाईते भई विराटनगर अवस्थित विराट नर्सिङ्ग होममा उपचार गराउने क्रममा मृत्यू भएको र मृतकको उपचारको क्रममा लागेको सम्पूर्ण रकम निज अलङ गुरुङले नै भुक्तानी गरेको हुँदा उपचारको क्रममा अस्पतालमा लागेको खर्च रु.३,३०,०००।-(तिन लाख तिस हजार) तत्काल अलङ गुरुङलाई भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.(५)**

प्रस्ताव नं.(५) माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय सर्वसम्मतबाट पारित गरियो ।

१. गाउँ सभा व्यवस्थापन खर्चको लागी विनियोजन भएको रु.४०००००।- रकम हाल खर्च भैसकेको कारण आउँदो सभा संचालन खर्च सरसफाई सेवा शुल्क शिर्षकबाट रकमान्तर गरि व्यवस्थापन गर्ने।
२. वार्ड नं.५ को वनमाइला चोकको चौतर्फी जाने मुख्य कल्भर्ट मर्मत कार्यको लागि रु.२,५०,०००।-
३. वार्ड नं.२ बस्ने पम्फा माया भण्डारीको घर आगलागी भएको हुँदा निजलाई रु.१००.०००।-आर्थिक सहायता दिने।

**मिति २०८०।०२।३२ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

अध्यक्ष

CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२८/२०७९/०८०

४. कानेपोखरी गाउँपालिकाको नाममा रहेको तपसिल वमोजिमको सवारी साधन तपसिल वमोजिमको फर्ममा मर्मत भई भूक्तानीको लागि माग भएको हुँदा सम्बन्धित फर्मलाई भुक्तान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

५. गाउँपालिकाको नाममा रहेको तपसिल वमोजिमको सवारी साधन तपसिल वमोजिमको फर्ममा मर्मत गर्दा लागेको खर्च भुक्तान गर्ने निर्णय गरियो ।

| क्र.सं. | सवारी साधन | मर्मत गर्ने फर्म | रकम | विजक नं. |
|---|---|---|---|---|
| १ | वुलेरो (को १ झ ५५७) | सुगम ट्रेडर्स | ३३५६१ | २३९ |
| २ | वुलेरो (को १ झ ५५७) | आशिष सर्भिसिङ्ग सेन्टर | २९३८ | ८७० |
| ३ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ्ग सेन्टर | ४०२७७ | ५५८ |
| ४ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ्ग सेन्टर | १९४३६ | ५५९ |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०८०।०२।३२ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय